# व्यावसायिक तरकारी खेतीले पुम्दी-भुम्दी -२ बर्साङ्का कृषकहरूको जीवनस्तरमा पारेको प्रभाव

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
**समाजशास्त्र** विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकताको प्रयोजनको लागि
समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस
पोखरामा प्रस्तुत

*शोध पत्र*


**शोधार्थी**

सरिता पौडेल

रोल नं. ४५/०६९

परीक्षा रोल नं. ४८०४१५

रजिष्ट्रेसन नं. ६२२९७६९२००९


त्रिभुवन विश्व विद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
पृथ्वी नारायण क्याम्पस, पोखरा
२०७३

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति शोद्यार्थी छात्रा सरिता पौडेलद्वारा **"व्यावसायिक तरकारी खेतीले पुम्दी-भुम्दी -२ बर्साङ्का कृषकहरूको जीवनस्तरमा पारेको प्रभाव"** शीर्षकमा शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको कार्य प्रति म सन्तुष्ट छु । उक्त शोधपत्रको आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.........................................

(तेज प्रसाद सुवेदी)

**शोध निर्देशक**

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस, पोखरा

**मितिः २०७३**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूर्तिको निम्ति शोद्यार्थी छात्रा सरिता पौडेलद्वारा **"व्यावसायिक तरकारी खेतीले पुम्दी-भुम्दी -२, बर्साङ्का कृषकहरूको जीवनस्तरमा पारेको प्रभाव"** विषयको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकोले स्विकृती प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

.........................................
(तेज प्रसाद सुवेदी)
**शोध निर्देशक**
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वी नारायण क्याम्पस, पोखरा

....................................
(डा.विश्वकल्याण पराजुली)
**बाह्य परीक्षक**
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वी नारायण क्याम्पस, पोखरा

.............................
(सूर्यभक्त सिग्देल)
**विभागीय प्रमुख**
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वी नारायण क्याम्पस, पोखरा

**मिति :-**

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरा, मानविकी सङ्काय समाजशास्त्र मानवशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिको लागि यो शोधपत्र तयार पारिएको छ । यो शोधपत्र साविक पुम्दीभुम्दी गा.वि.स वडा नं २ हाल पो .उ.म.न.पा वडा नं २५ मा व्यवसायिक रुपमा तरकारी खेती गरेका कृषकहरूको बारेमा अध्ययन गरी त्यस क्षेत्रमा व्यवसायिक तरकारी उत्पादनले कृषकहरूको सामाजिक, आर्थिक अवस्थामा परेको प्रभाव तरकारी खेतिले जिवनस्तरमा पारेको सकरात्मक प्रभाव र तरकारी खेतीले जिवनस्तरमा पारेको नकरात्मक प्रभाव पत्ता लगाउने उद्देश्य राखी अध्ययन गरिएको छ ।

सर्वप्रथम मलाई यस शोधकार्य सम्पन्न गर्नमा आफ्नो अतिब्यस्त समयका बाबजुत पनि सहजताका साथ निरन्तर सहयोग र सल्लाह दिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री तेजप्रसाद सुवेदीप्रति हार्दिक कृतज्ञता टक्राउन चाहन्छु । शोधकार्य लेखनमा प्रेरणा र सहयोग गर्नुहुने विभागीय प्रमुख आदरणिय गुरु श्री सुर्यभक्त सिग्देल  साथै विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक कृतज्ञता टक्राउन चाहन्छु ।

लेखन कार्यमा सुझाव र सल्लाह सुझाव दिनुहुने दिगो कृषि विकास कार्यक्रम नेपाल, जिल्ला कृषि विकास कार्यालय पोखरा, विरौटाका प्रमुख  लोकेन्द्र बोहोरा पूर्व बागवानी विकास अधिकृत मनहर काडरिया  प्रति आभार प्रकट गर्न चाहन्छु ।

शोध अध्ययनको लागि अध्ययन क्षेत्रका कृषक उत्तरदाताहरू जसले आफ्नो प्रशस्त समय दिएर शोध कार्यलाई सहज बनाउन सहयोग गर्नुभयो उहाँहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी लेखन  कार्यमा सहयोग सुझाव दिनुहुने मेरा सम्पूर्ण सहपाठी साथीहरू प्रति धन्यावाद दिन चाहन्छु । शोध अध्ययनको लागी प्रत्येक समयमा ऊर्जा एवम् हौसला प्रदान गरी प्रेरणादायी भूमिका निर्वाह गर्ने बुबा आमा, दाजु । जिवन साथी सन्दीप रेग्मीप्रति आभार प्रकट गर्दछु । अन्त्यमा मेरो कोरा पाण्डुलिपीलाई कम्प्युटर टङ्कन गरी शोत्र अध्यनलाई अन्तिम स्वरुप प्रदान गर्न सहयोग गर्नुहुने "क्विक कम्प्युटर सर्भिस एण्ड फोटोकपी हाउस" पोखरा १ बगरप्रति धन्यवाद ब्यक्त गर्दछु ।

अन्तमा मुल्याङ्कन समितिबाट प्राप्त सुझावहरूलाई परिमार्जित गरी सम्वन्धित विभागमा पेश  गरेको जानकारी गराउँदछु ।

**मिति : २०७३ मंसीर** **सरिता पौडेल**

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञताज्ञापन* | | *iii* |
| *विषयसूची* | | *iv* |
| *तालिका सूचि* | | *viii* |
| *शोध सार* | | *x* |
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको महत्व | ४ |
| १.५ | अध्ययनको सीमा | ६ |
| १.६ | केही पारिभाषिक शब्दावलीको परिभाषा | ५ |
| १.७ | अध्ययनको सङ्गठनात्मक ढाँचा | ५ |
| **अध्याय दुई : साहित्यिक पुनरावलोकन** | | **७-२९** |
| २.१ | अवधाराणागत पृष्ठभूमि | ७ |
| | २.१.१ नेपालमा तरकारी खेतीको विकास | ८ |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | १२ |
| | २.२.१ मार्क्सवादी दृष्टिकोण | १२ |
| | २.२.२ आधुनिकीकरणको सिद्धान्त | १४ |
| | २.२.३ विकासको अवधारण | १५ |
| | २.२.४ परनिर्भरताको सिद्धान्त | १६ |
| २.३ | पूर्व साहित्यको पुनरावलोकन | १७ |
| २.४ | अवधारणत्मक खाका | २८ |

**अध्याय तिन : अध्ययन विधि** **३०-३३**
३.१ अध्ययन क्षेत्र छनोटको औचित्य ३०
३.२ अनुसन्धान ढाँचा ३०
३.३ समग्र नमुना छनोट विधि ३०
३.४ तथ्याङ्कको प्रकृति र स्रोत ३१
३.५ तथ्याङ्क सङ्कलन विधिहरू ३१
३.५.१ प्राथमिक तथ्याङ्क संकलन विधि ३१
३.५.२ द्वितिय तथ्याङ्क संकलन विधि ३२
३.६ पूर्व परिक्षण ३३
३.७ शोध अध्ययनमा कठिनाई ३३
३.८ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण ३३
**अध्याय चारः अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्खिक विशेषता** **३४-४२**
४.१ अध्ययन क्षेत्रको परिचय ३४
४.१.१ भौगोलिक अवस्था ३४
४.१.२ जनसङ्ख्या ३५
४.२ उत्तरदाताको जनसाङ्खिक एवम् आर्थिक विवरण ३५
४.२.१ महिला र पुरुष उत्तरदाताको संख्या ३५
४.२.२ उमेरगत विवरण ३६
४.२.३ शैक्षिक अवस्था ३७
४.२.४ पारिवारिक अवस्था ३८
४.२.५ जमिनको अवस्था ३९
४.२.६ जमिनमा स्वामित्व ३९
४.२.७ उत्पादन गरिने मुख्य तरकारी बालीहरू ४०
४.३ तरकारीका बालीका किसिमहरू ४०
४.४ कृषकको व्यवसायिक तरकारी खेतीको किसिम ४१
४.५ मल बिऊ तथा प्रविधिको प्रयोग ४२
४.६ व्यवसायिक तरकारी खेतीमा लागेको समय ४३
**अध्याय पाँचः सामाजिक तथा आर्थिक अवस्था** **४५-५५**
५.१ तरकारी उत्पादनको अवस्था ४५

५.२ तरकारी उत्पादनमा लाग्ने प्रेरणा ४५
५.३ व्यवसायिक तरकारी उत्पादनमा पारिवारिक संलग्नता ४६
५.४ तरकारी खेती बाहेक अन्य पेशागत विवरण ४७
५.५ तालिम प्राप्त कृषकको सङ्ख्या ४८
५.६ वार्षिक आम्दानी ४९
५.७ तरकारी उत्पादन नै रोज्नुको कारण ५१
५.८ बढी आम्दानी हुने तरकारीको किसिम ५२
५.९ आम्दानी बचत गर्ने ठाउँ ५२
५.१० कुनै संघमा आवद्ध ५३
५.११ समूहमा हुँदा गरिने छलफलका विषयहरू ५४
५.१२ तरकारी उत्पादक कृषकहरूको छोराछोरीको शैक्षिक अवस्था ५५
**अध्याय छ : तरकारी खेतीले कृषकको जीवनस्तरमा पारेको प्रभाव ५३-७२**
६.१ सकरात्मक प्रभाव ५६
६.१.१ कृषकहरूको आर्थिक पक्षमा देखिएको उपलब्धी ५६
६.१.२ उत्पादन पश्चात् आएका परिवर्तन ५७
६.१.३ कृषकको जमिनमा सिँचाइको अवस्था ५७
६.१.४ व्यवसायिक कृषि सम्बन्धी तालिम ५८
६.१.५ व्यवसायिक तरकारी खेती गर्ने तरिका ६०
६.१.६ आर्थिक क्षेत्रमा परेको प्रभाव ६२
६.१.७ पारिवारिक सम्बन्धमा आएको परिवर्तन ६४
६.१.८ सामाजिक क्षेत्रमा पारेको प्रभाव ६५
६.१.९ साँस्कृतिक क्षेत्रमा पारेको प्रभाव ६६
६.२ नकरात्मक प्रभाव सम्बन्धी अध्ययन ६७
६.२.१ तरकारीमा विषदी प्रयोग गर्दा मार्क्सको प्रयोग गर्ने नगर्ने ६७
६.२.२ विषादी प्रयोग पश्चात् कृषकहरूमा देखिएका रोगहरू ६८
६.२.३ तरकारीमा रासायनिक मल/कीटनाशक औषधिको प्रयोग ६९
६.२.४ कृषकहरूको स्वास्थ्य अवस्था ६९
६.२.५ परम्परागत रुपमा बाँडेर खाने चलनको अभाव ७०
६.२.६ राम्रो तरकारी बेच्ने नराम्रो तरकारी खाने प्रवृत्तिको विकास ७१

**अध्याय सातः अध्ययनको सारांश र निष्कर्ष** **७३-८५**

७.१ अध्ययनको सारांश ७३

७.२ निष्कर्ष ७६

७.३ सुझाव ७७

**सन्दर्भ सामाग्रीहरू**

**अनुसूचिहरू**

**अनुसूचि १: प्रश्नावली अनुसूचि**

**अनुसूचि २: मुख्य जानकार व्यक्तिहरूसँग गरिएको छलफल**

**अनुसूचि ३: मुख्य सूचनादाताको नामावली**

**अनुसूचि ४: अध्ययन क्षेत्रको नक्सा**

**अनुसूचि ५: अध्ययन क्षेत्रमा लिइएका केही तस्बिरहरू**

# तालिका सूचि


| तलिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | महिला र पुरुष उत्तरदाताको संख्या | ३५ |
| ४.२ | उत्तरदाताको उमेरगत विवरण | ३६ |
| ४.३ | उत्तरदाताको शैक्षिक विवरण | ३७ |
| ४.४ | उत्तरदाताको परिवारको स्वरुप | ३८ |
| ४.५ | उत्तरदाताहरूमा जमिन हुने र नहुनेको अवस्था | ३९ |
| ४.६ | जमिनको स्वामित्वको विवरण | ४० |
| ४.७ | बेमौसमी र मौसमी खेती गर्ने कृषकको सङ्ख्या | ४१ |
| ४.८ | मल, बिऊ तथा प्रविधिको प्रयोग | ४३ |
| ४.९ | उत्तरदाताको व्यवसायिक तरकारी खेतिमा लागेको समय | ४४ |
| ५.१ | तरकारी उत्पादनमा भएका प्रेरणाका स्रोत | ४६ |
| ५.२ | तरकारी उत्पादनमा परिवारका सदस्यको संलग्नता | ४७ |
| ५.३ | उत्तरदाताको तरकारी अलवा अन्य पेशागत विवरण | ४८ |
| ५.४ | तालिम प्राप्त उत्तरदाताको विवरण | ४९ |
| ५.५ | उत्तरदाताको तरकारी व्यवसायबाट प्राप्त आम्दानीको खर्च सम्बन्धी विवरण | ५० |
| ५.६ | तरकारी उत्पादन आकर्षणका कारण | ५१ |
| ५.७ | बढी आम्दानी हुने तरकारीको किसिम | ५२ |
| ५.८ | आम्दानी बचत गर्ने स्थानहरू | ५३ |
| ५.९ | संघमा संस्थामा आवद्ध | ५४ |
| ५.१० | समूहमा हुने छलफलका विषयहरू | ५४ |
| ५.११ | तरकारी उत्पादक कृषकहरुको छोराछोरीले अध्ययन गर्ने संस्था | ५५ |
| ६.१ | व्यवसायिक तरकारीले कृषकहरूको आर्थिक पक्षमा देखिएको उपलब्धी | ५६ |
| ६.२ | उत्तरदाताको तरकार खेती गर्ने जमिनको सिचाईको अवस्था | ५८ |
| ६.३ | उत्तरदाताको व्यवसायिक कृषि तालिम सम्बन्धी विवरण | ५८ |
| ६.४ | उत्तरदाताको तरकारी खेती गर्ने प्रविधि | ६० |

| | | |
|---|---|---|
| ६.५ | उत्तरदाताको व्यवसायिक तरकारी खेतीले आर्थिक क्षेत्रमा पारेको प्रभाव | ६२ |
| ६.६ | कृषकको जिवनमा आएका परिवर्तनका पक्षहरू | ६४ |
| ६.७: | उत्तरदाताको व्यवसायिक तरकारी खेतीले सामाजिक क्षेत्रमा पारेको प्रभाव | ६५ |
| ६.८ | उत्तरदाताले विषादी प्रयोग गर्दा माक्सको प्रयोग गर्ने नगर्नेको विवरण | ६८ |
| ६.९ | विषादी प्रयोग पश्चात् उत्तरदातामा देखिएका रोगहरू | ६८ |
| ६.१० | उत्तरदाताको रासायनिक मल/किटनाशक औषधीको प्रयोग | ६९ |
| ६.११ | उत्तरदाता कृषकहरूको स्वास्थ्य अवस्था सम्बन्धी विवरण | ७० |
| ६.१२ | उत्तरदाताहरू एक आपसमा तरकारी बाँडेर खाने नखानेको विवरण | ७१ |
| ६.१३ | राम्रो तरकारी बेच्ने र नराम्रो तरकारी खाने उत्तरदाताको संख्या | ७१ |

# शोध सार

प्रस्तुत शोधपत्र "व्यवसायिक तरकारी खेतीले जीवनस्तरमा पारेको प्रभाव" शीर्षक अन्तर्गत कास्की जिल्लाको साविक पुम्दीभुम्दी -२ (हाल पो.उ.म.न.पा, वडा नं. २५) क्षेत्रभित्र रही अध्ययन गरिएको छ । व्यावसायिक तरकारी उत्पादनले कृषकहरूको सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव विश्लेषण गर्नु, तरकारी खेतीले जीवनस्तरमा पारेका सकारात्मक र नकारात्मक प्रभाव केलाउने जस्ता उद्‌देश्यहरू राखेर अध्ययन गरिएको छ ।

अध्ययन गर्ने क्रममा साविक पुम्दीभुम्दी गाविस वडा नं. २ मा रहेका ३७० घरधुरी मध्ये व्यवसायीक तरकारी उत्पादनमा लागेका १२० घरधुरीबाट १०८ घरधुरीको छनोटको आधार Krejeje and Morgan लाई मानिएको छ । सैद्धान्तिक व्याख्या र विश्लेषणका लागि आधुनिकिकरणको सिद्धान्त र परनिर्भरतोका सिद्धान्तको दृष्टिकोण प्रयोग गरिएको छ । अध्ययनमा प्राथमिक र द्रितीय तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कको लागि प्रश्नावली अनुसूचि,अवलोकन विधि, मुख्य जानकार व्यक्तिसँगको छलफल । वैयत्तिक विवरण तयार पारेर तथ्याङ्क संकलन गरिएको छ । प्रस्तुत शोध कार्यमा बर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । आवश्यकता अनुसार वर्णनात्मक व्यख्याको साथै विविध तालिकामा प्रतिशत बाट प्रस्तुत गरीएको छ । यसका साथै विभिन्न ठाउँको पूर्व अध्ययनको समिक्षा गरिएको छ । उत्तरदातामध्ये जातका आधारमा ब्राह्मण क्षेत्री ८४.३ प्रतिशत, लिङ्गको आधारमा महिलाको संख्या ६२.९७ प्रतिशत, भाषाका आधारमा नेपालीखस भाषा बोल्ने ९६.२९ प्रतिशत, धर्मका आधारमा हिन्दु धर्म मान्ने ९४.५ प्रतिशत, उमेरका आधारमा ३५ देखि ४५ वर्ष उमेरका ४७.२१ प्रतिशत र कृषकको शैक्षिक स्तरलाई हेर्दा माध्यमिक शिक्षा लिएका ३५.१७ प्रतिशत कृषकको बाहुल्यता रहेको पाइयो ।

उत्पादनका लागि जमिन अति आवश्यक भएकोले जमीनको अवस्थालाई हेर्दा ५ देखी १० रोपनी हुने ४६.३ प्रतिशतको बहुल्यता पाइयो भने ४.६२ प्रतिशत आफ्नो जमीन नभएका भाँडामा खेतिगर्ने पाइयो । जमिनमा स्वामित्वको अवस्थालाई हेर्दा पुरुषकै नाममा ५३.७१ प्रतिशत जमिन रहेको पाइयो । तरकारी उत्पादन तर्फ आर्कषित हुनुमा संघसंस्थाको योगदानलाई प्रेरणाको स्रोत मान्ने कृषकको संख्या ३७.२ प्रतिशतको बाहुल्यता पाइयो । उत्तरदातामध्ये १ देखि २ लाख वार्षिक आम्दानी रही ३२.४० प्रतिशतले वार्षिक आम्दानी घर खर्च र बालबच्चको पढाईमा खर्च गर्ने गरेका मा बहुल्यता पाइयो । उत्पादन पछाडी आर्थिक आम्दानीले कृषकको जिवनस्तरमा धेरै सुधार भएको देखिन्छ । कुल जनसंख्याको ५५.५५ प्रतिशतले तरकारी खेतीलाई अपनाइएको मौसमी,वेमौसमी दुबै प्रकारका खेत ीगर्ने ७५.९३ प्रतिशतको बाहुल्यता पाइयो । परम्परागत सँगै आधुनिक प्रविधिको प्रयोग गर्ने ७०.३७ प्रतिशत, तालिम प्राप्त कृषकको संख्या ९२.५९ प्रतिशत, घरजग्गा जोड्न सफल ११.११ प्रतिशत, सामाजिक प्रतिष्ठा प्राप्त गर्न सफल १६.६७ प्रतिशत, सम्पूर्ण आर्थिक

*पक्षमा सकारात्मक प्रभाव पारेका ५०.९३ प्रतिशत, कृषकहरूको संख्या पाइयो । तरकारी व्यवसायबाट सकारात्मक पक्ष आम्दानीमा वृद्धि भएको, जिवननस्तरमा सुधार आएको, समयको सही सदुपयोग भएको जस्ता सकारात्मक प्रभाव पाइयो ।*

*तरकारी उत्पादनमा लागेपछि कृषकहरू बीच एक आपसमा सामाजिक अर्न्तरनिर्भरता हराउँदै गएको बाँडी चुडी खाने परम्परा हराउँदै गएका ८८.८८ प्रतिशत उत्तरदाताको संख्या पाइयो । राम्रो तरकारी जति सबै बेच्ने र नराम्रो तरकारी मात्र आँफुले खाने प्रवृत्तिमा ४१.६७ प्रतिशत पाइयो । रासायनिक मलको बढी प्रयोग ८२.४१ प्रतिशतले गरेको पाइयो । तरकारीमा विषादी प्रयोग पश्चात कृषकहरूको स्वास्थ्य स्थितिमा असर पुगेका ५२.७८ प्रतिशत पाइयो ।*

*तरकारी उत्पादनले आर्थिक आम्दानी बढाउन सफल भएपछि कृषि पेशालाई बढी मात्रामा अगालीएको पाइयो । व्यावसायिक तरकारी खेति गरी राम्रोसँग बालबच्चा पढाई, घरखर्च चलाउनुका साथै विलासिताका सामाग्रीहरूको उपयोग गर्न सकेको पाइयो, कृषि पद्धति सम्बन्धी तालिम लिई व्यावसायीमुखी उत्पादनप्रति उन्मुख भई आर्थिक सफलतासँगै समाजमा कृषकहरूले सामाजिक प्रतिष्ठा प्राप्त गर्दे केही नकरात्मक प्रभाव पनि पाइयो । एकआपसमा अर्न्तरनिर्भरतामा कमी राम्रो तरकारी सबै बेच्ने, नराम्रो छनौट गरेको तरकारी आफुले खाने रासायनिक मल विउ प्रविधिको बढी प्रयोगले उत्पादनकत्वमा ह्रास, तरकारीमा विभिन्न किटनाशक औषधी विषादीको मार्क्स विनाको प्रयोगले कृषकहरूको स्वास्थ्य स्थितिमा नकरात्मक असरहरू परेको पाइयो । यस अध्ययनबाट तरकारी उत्पादनले कृषकहरूको जीवनस्तरमा सकारात्मक सँगै विभिन्न नकारात्मक प्रभाव पारेको निष्कर्ष निकालिएको छ ।*